# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज ३० गते, २०८२ साल (संख्या ३६

## भाग ४

### महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरेको सूचना खण्ड ७१, सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्रको भाग ४ मा प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचना बमोजिम प्रत्यायोजित अधिकारको प्रकरण ५ पछि देहायका प्रकरण ५क. र ५ख. थप गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५ क. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय सोही कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले अन्तिम निर्णय निकासा दिने।

५ख. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २४क. को व्यवस्था बमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिबाना भुक्तानी गरी मिलापत्र गराई पाँऊ भनी निवेदन दिएमा त्यस्तो मुद्दामा मिलापत्र हुन सक्नेछ भन्ने व्यवस्था रहेकोले सोही ऐनको दफा २४क. को उपदफा (४) बमोजिम सम्बन्धित सरकारी वकील कार्यालयको सरकारी वकीलले मिलापत्र गर्ने गरी गरेको निर्णय सोही कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले अन्तिम निर्णय निकासा दिने।"

**<u>द्रष्टव्य</u>**: खण्ड ७३, सङ्ख्या १७, मिति २०८०/०३/२५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको प्रकरण २ खारेज गरिएको छ।

**आज्ञाले,**
**संजीवराज रेग्मी**
**नायब महान्यायाधिवक्ता।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।